# मण्डनदेउपुर नगरपालिका

**स्थानीय राजपत्र**

**खण्ड- ७ मण्डनदेउपुर, असार ०२ गते, २०८१ साल संख्याः १३**

## भाग-२

## स्थलगत व्यवसाय पञ्जिकरण अभियान निर्देशिका, २०८०

*पारित मितिः २०८०।१२।२६*
*प्रमाणित गरेको मितिः २०८०।१२।२६*

**प्रस्तावनाः**

मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन तथा सरकारी सार्वजनिक ऐलानी एवम् वनक्षेत्रको जग्गा समेत अनाधिकृत रुपमा भोगचलन गरी अस्थायी/स्थायी संरचना निर्माण गर्ने र होटेल/ रेस्टुरेन्ट वा अन्य व्यवसाय सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गर्दै त्यस प्रकारको जग्गाको भोगचलन सम्बन्धी अभिलेख उतार गर्न साथै विविध कारणले दर्ता, नविकरण हुन नआएका व्यवसायहरुलाई स्थलगत निरिक्षण गरी व्यवसाय दर्ता/नविकरण सेवा उपलब्ध गराउन अभियान सञ्चालन गर्न वाञ्छनीय भएकोले मण्डनदेउपुर नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम " स्थलगत व्यवसाय पञ्जिकरण अभियान निर्देशिका २०८०" रहेको छ।

**२. स्थलगत व्यवसाय पञ्जिकरण अभियान अन्तर्गत देहायका कार्यहरु गरिनेछन्।**

क) सबै प्रकारका व्यवसायको स्थलगत अभिलेख तयार गर्ने,

ख) व्यवसाय सञ्चालनमा रहेको घर भवन टहरा वा जग्गाको स्वामित्व यकिन गर्ने,

ग) घर, भवन, टहरा आदि संरचना प्रचलित कानून बमोजिम निर्माण अनुमति लिए नलिएको घर नक्शापास भए नभएको विवरण लिई यथासिघ्र नक्शापास प्रकृयामा आउन ताकेता गर्ने,

घ) नक्शापास/अभिलेखीकरण भएका संरचना वा खाली जग्गा वहालमा लिई व्यवसाय सञ्चालन भएको अवस्थामा सो सम्बन्धी विवरण लिई वहालकरको दायरामा ल्याउने,

ङ) दर्ता/नविकरण नभएका व्यवसायहरू स्थलगत दर्ता/नविकरण सेवा दिई कार्यालयको आधिकारिक प्रमाणपत्र उपलब्ध गराउने,

च) व्यवसायी/घर/जग्गावालाले सरकारी ऐलानी पर्ने वन क्षेत्र आदि प्रकृतिको जग्गा ओगटी वाटो, कम्पाउण्ड घर, भवन बनाएको पाइएमा बढिमा एक वर्षको समयसिमा तोकी त्यस्ता संरचना भत्काउन लिखित सूचना जारी गर्ने,

छ) सरकारी सार्वजनिक जग्गा उपयोगको अवस्था हेरी सन्धिसर्पण नपर्ने, सार्वजनिक उपयोग वा आवतजावतमा प्रतिकुल असर नपर्ने एवम् त्यस्तो जग्गा संरक्षणमा सघाउ पुग्ने गरि चलन गरिको अवस्थामा प्रति ईकाई क्षेत्रफल तोकिएको विटौरीकर लिई उपयोग गर्न दिने,

**३. स्थलगत अभियानमा तपशिलका पदाधिकारी/राष्ट्रसेवक कर्मचारी संलग्न हुनेछन्।**

अ) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य- १ जना

आ) नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखाको कर्मचारी वा कार्यालय प्रमुखले तोकेको कर्मचारी-१ जना

इ) नगर कार्यपालिकाको कार्यालयको नापी शाखाको कर्मचारी- १ जना

ई) सम्बन्धित वडाको प्राविधिक कर्मचारी वा वडा सचिव वा पशु सेवा प्राविधिक- १ जना

उ) नापी कार्यालय धुलिखेलका प्राविधिक प्रतिनिधि (आमन्त्रित)-१ जना

**४. स्थलगत अभियान अन्तर्गत तपसिलका प्रक्रियाबाट कार्यहरु सम्पादन हुनेछन् ।**

क) सम्बन्धित व्यक्तिहरु/सरोकारवालालाई अग्रिम सूचना दिने,

ख) निर्धारित समयमा स्थलगत उपस्थित हुने,

ग) असल सञ्चारका माध्यमबाट शौहार्दपूर्ण सम्बन्ध स्थापित गर्ने,

घ) कित्तानापी नक्शा पेज प्वाइन्ट, टोटलस्टेशन जस्ता प्रविधि प्रयोग गरी नाप जाँच बढी विश्वास योग्य बनाउने,

ङ) अनूसूची फारम भर्ने संधियार उपलब्ध भएसम्म उपिस्थत गराई सर्जमिन मुचुल्का गराउने

च) आवश्यक प्रकृया पूरा भएमा शुल्क/दस्तुर लिई व्यवसाय दर्ता/नविकरण गरी प्रमाणपत्र जारी गर्ने

छ) सरकारी सार्वजनिक वा वन क्षेत्र आदिमा निर्माण भएका घर टहरा संरचना अवधि तोकि भत्काउने सूचना सम्बन्धित व्यक्तिलाई दिइ सनाखत गराउने,

ज) माथि दफा २(६) अन्तरगतको विटौरीकर असूलगर्दा स्थानीय देखि जान्नेसँग समेत सर्जमिन बुझि प्रचलित कानून बमोजिम शुल्क/जरिवाना समेत असूल गर्ने,

झ) नगरक्षेत्रका ऐलानी, पर्ति, सरकारी वा सार्वजनिक जग्गाको विवरण अधावधिक गर्ने, प्रयोगको अवस्था समेत खोली तारबार वा अन्य विधिद्वारा संरक्षण गर्ने नगरपालिकालाई सिफारिस गर्ने

ञ) स्थलगत कार्यटोलीले आवश्यक देखेका अन्यकार्य गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

**५) स्थलगत लागत सम्बन्धी व्यवस्था तपसिल बमोजिम हुनेछ ।**

क) कार्यालयले सवारी साधन/यातायतको व्यवस्था मिलाउनेछ।

ख) माथि दफा(३) बमोजिमको कार्यटोलीका अतिरिक्त बढीमा दुई जनासम्म आमन्त्रित र दुई जनासम्म कार्यालय सहयोगी/चालकका लागि खाना/खाजा/स्टेशनरी आदि वापत प्रति व्यक्ति प्रति दिन रु. 1000 (रुपैया एक हजार मात्र) उपलब्ध गराईने छ ।

ग) दफा ४ (ख) बमोजिम खर्च नगरपालिकाबाट भुक्तानी दिईने छ।

६) **निर्देशिका कार्यान्वयन पूर्व तयारी तपसिल बमोजिम गरिने छ।**

क) पर्याप्त संख्यामा अनुसूची(१) फाराम छपाई गरी साथै लगिने छ।

ख) नगदी रसिद, कार्यालयको छाप, व्यवसाय दर्ता प्रमाणपत्र, घर टहरा खाली गराउने अवधि तोकिएको सूचना फाराम लगायत अन्य बन्दोवस्तीका सामाग्री तयारी गरिनेछ।

ग) स्थलगत कित्तागत नक्शा, डिजिटल नक्शा टोटलस्टेशन, फिता आदि खरिद गरी लगिने,

घ) टोली सदस्यहरु बैठक वसी सहजीकरण गर्ने, नगदी रसिद बनाउने प्रमाणपत्र हस्ताक्षर गरी वितरण गर्ने आदि कार्य विभाजन गरी स्थलगत जाने व्यवस्था मिलाउने,

७) **अनुगमन तथा मुल्यांकन:**

१) स्थलगत अनुगमनलाई प्रभावकारी बनाउन तपसिल बमोजिको एक अनुगमन समिति रहने छ।

क) नगर प्रमुख - संयोजक

ख) नगर उप-प्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

२) अनुगमन समितिले स्थलगत अभियानको कार्यसम्पादन अनुगमन गरी सुधार गर्न सुझाव दिन सक्नेछ।

८) प्रतिवेदन तयार पारी पेश गर्ने

१) नगरपालिका क्षेत्रको प्रति वडाको कार्यसम्पन्न भएको मितिले ७(सात) दिन भित्र कार्यटोलीले नगरपालिकामा प्रतिवेदन पेश गर्ने छ।

क.यस्तो प्रतिवेदन तयारीमा संलग्न जनशक्तिका लागि एकमुष्ट रु दुइहजार उपलब्ध गराइने छ।

ख.प्रतिवेदन ढाँचा अनुसुचि (२) बमोजिम हुनेछ।

ग.स्थलगत प्रतिवेदनबाट प्राप्त तथ्याङ्क नगर कार्यपालिकाको कार्यालयको अभिलेखमा अद्यावधिक गर्ने, सफ्टवेयरमा प्रविष्ट गर्ने जस्ता कार्य सम्बन्धित शाखाले प्रतिवेदन प्राप्त भएको सात दिन भित्र सम्पन्न गर्ने छ।

**९. अन्य विषयहरु स्थलगत टोलिको सिफारिसमा कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।**

**१०. कार्यालयबाट तयार पारिएको अनुसूची (१) फाराम स्वीकृत गरी प्रयोग गरिने छ ।**

**११. वाधा अडकाउ फूकाउने:** यो निर्देशिका मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको बैठकले संसोधन तथा थपघट गर्न सक्नेछ ।

**१२. यो अभियानमा संलग्न सहभागीलाई कार्यपालिकाको निर्णयबाट थप सुविधा दिन सकिनेछ ।**

## अनुसूची-२

## स्थलगत व्यवसाय कर पञ्चिकरण प्रतिवेदन

१. वडा नं................ टोल................

२. अभिलेख तयार गरिएको संख्या

३. स्थलगत व्यवसाय दर्ता गरि प्रमाणपत्र जारि गरिएको संख्या

४. स्थलगत बिटौरी कर संकलन गरिएको व्यवसाय संख्या

५. व्यवसाय दर्ता /नविकरणबाट प्राप्त राजश्व रकम रु

६. व्यवसाय रहेको घर भवन टहराको लगत संख्या

७. घर भवन नक्शापास भएको संख्या ......... र नक्सापास/अभिलेखिकरण प्रकृयामा नआएको घर संख्य

८. सार्वजनिक ऐलानि वा वन क्षेत्र व्यवसायीले ओगटको/चर्चेको जम्मा क्षेत्रफल

९. सार्वजनिक ऐलानी वा बन क्षेत्रमा बनेका स्थायी/अस्थाइ संरचना हटाउन सूचना जारी गरिएको संस्था

१०. सुझावहरु

क. .........

ख. ...........

ग. ............

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

**आज्ञाले,**

**(मान बहादुर खड्का)**

**प्रमुख प्रशासकीय अधिकृत**

***मुल्य रु. ५ मात्र***